**स्थानीय राजपत्र**

**केरावारी गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड ८, संख्या १०, २१ असाढ २०८१**

**भाग-१**

# केराबारी गाउँपालिकाको शिक्षा ऐन, २०७५ (दोस्रो संशोधन) २०८१

**स्वीकृत मिति २०८१।०३।१०**

**प्रमाणिकरण मिति २०८१।०३।२०**

**प्रस्तावनाः** केराबारी गाउँपालिकाको शिक्षा ऐन, २०७५ लाई समयानुकूल संशोधन गर्न वाञ्छनीय भएकोले,
केराबारी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाई लागु गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम 'केराबारी गाउँपालिकाको शिक्षा ऐन २०७५ को दोश्रो संशोधन, २०८१ रहेको छ ।

(२) यो ऐन केराबारी गाउँपालिकाको राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

२. **केराबारी गाउँपालिकाको शिक्षा ऐनमा रहेका खण्ड भन्ने शव्दमा संशोधन :**

केराबारी गाउँपालिकाको शिक्षा ऐन २०७५ (यस पछि मुल ऐन भनिएको) को **खण्ड** सवैलाई संशोधन गरी **भाग** भन्ने शव्द राखिएको छ ।

३. **मुल ऐनको दफा २२ को ङ मा संशोधनः** मुल ऐनको दफा २२ को **ङ** मा रहेको **"गाउँपालिकाको उत्कृष्ट शैक्षिक उपलव्धिका लागि शिक्षा अधिकृतसँग कार्यसम्पादनमा समन्वय गर्ने र सो उपलव्धिपूर्ण रहे नगरहेको निरन्तर अनुगमन गर्ने"** भन्ने वाक्यांशको सट्टा **"गाउँपालिकाको शैक्षिक सुधारका लागि शिक्षा अधिकृतसँग कार्यसम्पादन सम्झौता गरी सोको अनुगमन गर्ने"** भन्ने वाक्यांश राखिएको छ ।

४. **मुल ऐनको दफा २२ को ञ मा संशोधनः** मुल ऐनको दफा २२ को ञ मा रहेको "**शिक्षा ऐन र संघीय कानूनमा व्यवस्था भई आएका कुरा कार्यान्वयन गर्न भूमिका निर्वाह गर्ने**" भन्ने वाक्यांशको सट्टा **"यस ऐन तथा अन्य प्रचलित कानूनमा व्यवस्था भई आएका कुरा कार्यान्वयन गर्न भूमिका निर्वाह गर्ने**" भन्ने वाक्यांश राखिएको छ ।

५. **मुल ऐनको दफा २३ को थ मा संशोधनः** मुल ऐनको दफा २३ को **थ** मा "विद्यालय र प्रारम्भिक वाल शिक्षा केन्द्रको निरीक्षण गर्ने गराउने"

भन्ने पदावलीको सट्टा " विद्यालय र प्रारम्भिक बाल विकास केन्द्रको निरीक्षण गर्ने गराउने" भन्ने वाक्यांश राखिएको छ ।

६. **मुल ऐनको दफा २३ को द संशोधनः** मुल ऐनको दफा २३को **द** मा रहेको **"मन्त्रालयले तोके बमोजिम सामुदायिक तथा संस्थागत विद्‍यालयहरुको समूह विभाजन गरी स्रोत केन्द्र निर्धारण गर्ने र स्रोत केन्द्रवाट विद्‍यालयको निरीक्षण शिक्षकको तालिम तथा अन्य शैक्षिक क्रियाकलाप गर्ने गराउने"** भन्ने पदावली हटाइएको छ ।

७. **मुल ऐनको दफा २३ को व मा संशोधनः** मुल ऐनको दफा २३ मा **व** मा रहेको "**विद्‍यालय निरीक्षक र स्रोत व्यक्तिले दिएको निरीक्षण प्रतिवेदन उपर कारवाही गर्ने" भन्ने** वाक्यांस हटाइएको छ ।

८. **मुल ऐनको दफा २७ को उपदफा १ को ग मा संशोधनः** मुल ऐनको दफा २७ को उपदफा १ ग मा रहेको "सम्वन्धित वडा समितिले सिफारिस गरेको वडाध्यक्ष वा वडा सदस्य १ जना-सदस्य भन्ने पदावलीको सट्टा सम्वन्धित वडा समितिले सिफारिस गरेको वडा सदस्य १ जना-सदस्य" भन्ने पदावली राखिएको छ ।

९. **मुल (**शिक्षा ऐनको प्रथम संशोधन) **ऐनको दफा २७ को उपदफा ५ मा संशोधनः** मुल (शिक्षा ऐनको प्रथम संशोधन) ऐनको दफा २७ को उपदफा ५ मा रहेको "**तर व्यवस्थापन समितिमा एउटै व्यक्ति लगातार दुई कार्यकालभन्दा वढी अध्यक्ष हुन पाउनेछैन"** भन्ने वाक्यांसको सट्टा **"तर व्यवस्थापन समितिमा सामान्यतया एउटै व्यक्ति लगातार दुई**

**कार्यकाल भन्दा वढी अध्यक्ष हुन पाउनेछैन"** भन्ने वाक्यांस राखिएको छ ।

**१०. मुल ऐनको दफा ३६ मा संशोधनः** मुल ऐनको दफा ३६ मा रहेको "**परीक्षा सञ्चालन तथा समन्वय समिति**" भन्ने पदावलीको सट्टा "**परीक्षा सञ्चालन निर्देशक समिति**" भन्ने पदावली राखिएको छ ।

**११. मुल ऐनको दफा ३६ को उपदफा ४ मा संशोधनः** मुल ऐनको दफा ३६ को उपदफा ४(४.१) मा रहेको "**आधारभुत तह उत्तीर्ण परीक्षा सञ्चालन समिति**" भन्ने पदावलीको सट्टा "**आधारभुत शिक्षा परीक्षा समिति"** भन्ने पदावली राखिएको छ ।

**१२. मुल ऐनको दफा ३६ को उपदफा ७ मा संशोधनः** मुल ऐनको दफा ३६ को उपदफा ७ मा रहेको **"आधारभुत तह उत्तीर्ण परीक्षा सञ्चालन समितिको अध्यक्ष र सचिववाट कक्षा ८ को आधारभुत तह उत्तीर्ण परीक्षाको प्रमाणपत्र प्रमाणिकरण हुनेछ"** भन्ने वाक्यांसको सट्टा "**आधारभुत शिक्षा परीक्षा समितिको अध्यक्ष वा सचिव वा अध्यक्ष र सचिव दुवैवाट कक्षा-८ को आधारभुत शिक्षा परीक्षाको प्रमाणपत्र प्रमाणीकरण हुनेछ**" भन्ने वाक्यांस राखिएको छ ।

१३. मुल ऐनको दफा ५३ मा संशोधनः मुल ऐनको दफा ५३ मा रहेको **"माध्यामिक तहका स्थायी"** पदावलीलाई हटाइएको छ ।

**१४. मुल ऐनको दफा ५५ को उपदफा १ (घ) मा संशोधनः** मुल ऐनको दफा ५५ को उपदफा १ को घ मा रहेको **"सम्वन्धित विषयका विषयविज्ञहरु मध्येवाट सकेसम्म १ जना महिला पर्ने गरी व्यवस्थापन**

**समितिले मनोनित गरेका २ जना"** को सट्टामा **"सम्वन्धित विषयका विषयविज्ञहरु मध्येवाट गाउँ शिक्षा समितिको अध्यक्षले मनोनित गरेको १ जना र सम्वन्धित व्यवस्थापन समितिले मनोनित गरेको १ जना गरी जम्मा २ जना"** भन्ने पदावली राखिएको छ ।साथै **"तर गाउँपालिकाको अनुदान कोटामा नियुक्त हुने शिक्षक छनौट समितिमा गाउँ शिक्षा समितिको अध्यक्षले तोकेको २ जना विषयविज्ञ रहनेछन् ।"** भन्ने वाक्यांश थप गरिएको छ ।

१५. **मुल ऐनको दफा ५६ को उपदफा ४ मा संशोधनः** मुल ऐनको दफा ५६ को उपदफा ४ मा राखिएको **"उपदफा (२) वा (३) वमोजिम करारमा शिक्षक नियुक्ति गर्दा शिक्षा शाखावाट दरवन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराएर विषय मिल्ने गरी मात्र करारमा शिक्षक नियुक्ति गर्न सकिनेछ"** भन्ने वाक्यांसको सट्टा "**उपदफा (२) वा (३) वमोजिम करारमा शिक्षक नियुक्ति गर्दा विद्यालयले शिक्षा शाखावाट दरवन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराई अनुमती लिनुपर्नेछ । विद्यालयलाई विज्ञापन अनुमति दिंदा रिक्त रहेको साविक विषय भन्दा फरक विषयमा अनुमति दिनुपरेमा वा विषय मिलान गरी अनुमति दिन आवश्यक भएमा गाउँ शिक्षा समितिको निर्णय आवश्यक पर्नेछ"** भन्ने वाक्यांस राखिएको छ ।

१६. **मुल ऐनको दफा ५८ को उपदफा १ मा संशोधनः** मुल ऐनको दफा ५८ को उपदफा २ मा राखिएको **"गाउँ शिक्षा समितिको"** भन्ने पदावलीको सट्टा **"गाउँ कार्यपालिकाको"** भन्ने पदावाली राखिएको छ ।

१७. मूल ऐनको दफा ५८ को उपदफा (२) मा संशोधनः मूल ऐनको दफा ५८ को उपदफा २ मा रहेको "शिक्षकको सरुवा प्रत्येक शैक्षिक सत्रको पहिलो महिनामा मात्र गरिनेछ" भन्ने वाक्यांशको सट्टा "शिक्षकको सरुवा सामान्यतया प्रत्येक शैक्षिक सत्रको पहिलो महिनामा मात्र गरिनेछ" भन्ने वाक्यांश राखिएको छ ।

१८. **मुल ऐनको दफा ५८ को उपदफा ५ को ज मा संशोधनः** मुल ऐनको दफा ५८ को उपदफा ५ मा राखिएको **"पति पत्नी दुवै शिक्षक रहेको अवस्था भए सकभर एकै विद्यालय वा वडा भित्र पर्ने गरी सरुवा गर्नु परेमा"** भन्ने पदावलीको सट्टा **"पति पत्नि दुवै शिक्षक रहेको अवस्था भए एकै वडाभित्र पर्ने गरी वा पायक पर्ने गरी सरुवा गर्नुपरेमा"** भन्ने पदावली राखिएको छ ।

१९. **मुल ऐनको दफा ५८ को उपदफा ८ मा संशोधनः** मुल ऐनको दफा ५८ को उपदफा ८ मा राखिएको**"शिक्षक सरुवा गर्दा लामो अवधि एकै विद्यालयमा वसेकालाई प्राथमिकता दिइनेछ"** भन्ने पदावलीको सट्टा **"शिक्षक सरुवा गर्दा लामो अवधि एउटै विद्यालयमा काम गरेकोलाई प्राथमिकता दिइनेछ"** भन्ने पदावली राखिएको छ ।

२०. **मुल ऐनको दफा १०९ को उपदफा १ को क मा संशोधनः** मुल ऐनको दफा १०९ को उपदफा १ क मा राखिएको **"ड्रेसमा"** भन्ने शव्दको सट्टा **"विद्यालय पोशाकमा"** भन्ने शव्दहरु राखिएको छ ।

## भाग २ अन्तर्गत संशोधन

२१. **मुल ऐनको दफा १ को उपदफा ४ मा संशोधनः** मुल ऐनको दफा १ को उपदफा ४ मा राखिएको **"अनुदान रकम माग गर्दा क्याम्पसले अघिल्लो वर्ष गाउँपालिकावाट रकम प्राप्त गरेको भए सोको खर्चको विल भरपाईहरु र आगामी आर्थिक वर्षको योजना प्रस्तावसहित पेश गर्नुपर्नेछ"** भन्ने वाक्यांसको सट्टा **"अनुदान रकम माग गर्दा क्याम्पसले गत वर्षको लेखा परिक्षण प्रतिवेदन र आगामी आर्थिक वर्षको अनुदानवाट खर्च हुने योजना प्रस्ताव पेश गर्नुपर्नेछ"** भन्ने वाक्यांस राखिएको छ ।

२२. मुल ऐनको दफा २ को उपदफा ५ मा रहेको **"अनुदान वापत प्राप्त रकमवाट हुने खर्चको भुक्तानी वैकमार्फत गर्नुपर्नेछ"** भन्ने वाक्यांसलाई हटाइएको छ ।

२३. मुल ऐनको दफा ४ मा राखिएको "**अघिल्लो आ.व.मा यस प्रकारको अनुदान प्राप्त गरेका विद्यालयले अनुदान रकम माग गर्दा नियमानुसार खर्च गरेको कागजातको साथमा संक्षिप्त प्रगति प्रतिवेदन समेत पेस गर्नुपर्नेछ**" भन्ने वाक्यांस हटाइएको छ ।

२४. मूल ऐनको दफा २१ को उपदफा १(ग) मा रहेको **"शिक्षा अधिकृतले तोकेको २ जना विज्ञ"** भन्ने वाक्यांशको सट्टा **"गाउँ शिक्षा समितिको अध्यक्षले तोकेको २ जना विज्ञ"** भन्ने वाक्यांश राखिएको छ ।

२५. मुल ऐनको दफा २१ को उपदफा २ मा "**त्यसैगरी विद्यालय सहयोगी छनौट परीक्षाको लागि प्राथमिक तहको शिक्षकलाई समेत विज्ञ तोक्न सकिनेछ"** भन्ने वाक्यासं थप गरिएको छ ।

२६. मुल ऐनको अनुसूचि ११ द्रष्टव्यमा "**यस अनुसूची वमोजिम आधारभुत (निम्न माध्यामिक) र माध्यामिक तहमा तहगत रुपमा न्यूनतम संख्यामा विषयगत शिक्षक दरवन्दी उपलव्ध नभएको अवस्थामा विद्यालयको आवश्यकता वमोजिमको विषयगत शिक्षक व्यवस्थापन गर्न सकिनेछ**" भन्ने वाक्यासं थप गरिएको छ ।

आज्ञाले,
सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत